# साल्पासिलिछो गाउँपालिका
# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८

साल्पासिलिछो गाउँपालिका

साल्पासिलिछो गाउँपालिका
चौकीडाँडा, भोजपुर
प्रदेश न.१ , नेपाल

# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/०८/०९ गते

प्रस्तावनाः नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूत गरिएको छ । सोही परिप्रेक्ष्यमा लैङ्गिक हिंसा निवारणका लागि लैङ्गिक हिंसा निवारण कोष ( संचालन) (दोस्रो संशोधन) नियमावली, २०७६ को नियम ३ (ख) मा उल्लेखित स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी लैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको प्रभावकारी ढङ्गबाट तत्काल उद्धार, राहत तथा पुर्नस्थापना गर्न वाञ्छनीय भएकाले, साल्पासिलिछो गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७८ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी साल्पासिलिछो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्यविधिको नाम लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८ रहेको छ ।

२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा —

क) **गाउँपालिका** भन्नाले साल्पासिलिछो गाउँपालिका सम्झनु पर्दछ ।

ख) **कोष** भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

ग) **पीडित** भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

घ) **स्थानीय तत्काल उद्दार तथा राहत समिति** भन्नाले दफा ७ बमोजिम गठन हुने समिति सम्झनु पर्दछ ।

ङ) **मन्त्रालय** भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ ।

च) **प्रदेश मन्त्रालय** भन्नाले प्रदेश स्थित सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

छ) **लैङ्गिक हिंसा** भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीति जन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्दछ ।

## परिच्छेद-२

३. **कोषको स्थापनाः** १) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् —

क) नेपाल सरकारबाट प्राप्त रकम,

ख) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

ग) स्वदेशी व्यक्ति, संघ संस्थाबाट प्राप्त रकम,

घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

३) उपदफा १ बमोजिमको रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाताको सञ्चालन गाउँपालिकाको कार्यालय प्रमुख र गाउँपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. **कोषको उपयोगः** (१) स्थानीय तत्काल उद्धार तथा राहत समितिको निर्णय अनुसार देहाय बमोजिम उल्लेखित प्रयोजनको लागि कोषको रकम परिचालन गरिनेछ ।

(क) तत्काल उद्धार गर्ने,

(ख) औषधी उपचार गर्ने,

(ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च अनुदानको रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानुन बमोजिम कसूरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तत्काल उद्धार तथा राहत समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका वा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्ने छ ।

५. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः** (१) कोषको रकम दफा (४) मा लेखिए देखि बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तत्काल उद्दार तथा राहत समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

## परिच्छेद-३

६. **स्थानीय तत्काल उद्धार तथा राहत समिति गठनः** (१) हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार लगायतका कार्य गर्न गाउँपालिका स्तरमा देहाय बमोजिमको स्थानीय तत्काल उद्धार तथा राहत समिति रहनेछः-

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक वा निजले तोकेको एक जना - सदस्य

(घ) स्थानीय प्रहरी प्रमुख - सदस्य

(ङ) स्वास्थ्य संयोजक -सदस्य

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत संस्थाहरुमध्येबाट स्थानीय तत्काल उद्धार तथा राहत समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना - सदस्य

(छ) कानून मामिला इकाइ कर्मचारी १ -सदस्य

(ज) महिला तथा बालबालिका शाखाको कर्मचारी सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा हुनेछ ।

७. **स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकारः** स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कुनै पनि माध्यमबाट प्राप्त हिंसाका घटनाको सूचनाका आधारमा पीडितको तत्काल उद्धार गर्ने,

(ख) पीडितको तत्काल उद्धार, राहत र पुनर्स्थापनाको लागि राहत, आर्थिक सहयोग तथा अन्य सामग्री उपलब्ध गराउने,

(ग) तत्काल उद्धार गर्न आवश्यक सहजीकरण गर्ने साथै लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(घ) हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्न नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने र सोको प्रतिवेदन कार्यपालिकामा अर्धवार्षिक रुपमा पेश गर्ने,

(ङ) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन केन्द्रीय तथा प्रदेश स्थित लैङ्गिक हिंसा निवारण कोषबाट स्थानीय लैङ्गिक हिंसा निवारण कोषको नाममा रकम माग गर्ने,

(च) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारको लागि व्यवसाय स्थापना गर्न अनुदानको रकम  प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागू गर्ने,

(छ) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने,

(ज) गाउँपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(झ) प्रत्येक वर्ष गरेका काम कारवाहीको विवरण सार्वजनिक गर्ने ।

(ञ)  लैङ्गिक हिंसा निवारणको सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ट)  लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

८. **स्थानीय तत्काल उद्धार तथा राहत समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै  समितिको

सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

तर, पिडितलाई तत्काले उद्दार गर्नु पर्ने भएमा समितिको बैठक तुरुन्तै बस्न बाधाँ पर्ने छैन ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितका उपस्थित सदस्यले आफुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले बैठकमा आवश्यकता अनुसार स्थानीय सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछः-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन पाँच सय रुपैयाँ र

बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन सात सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पताल भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन पाँच सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन सात सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा सात हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च, पीडितसँग आश्रित बालबच्चा भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ ।

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) स्वरोजगारको लागि कुनै व्यवसाय स्थापना गर्नको लागि वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बीस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैंयाँ ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव अधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयामा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपदफा (२)मा जुनसुकै  कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई स्थानीय तत्काल उद्धार तथा राहत समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

१०. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने:** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले दफा ११ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

११. **तत्काल रकम उपलब्ध गराउन सक्ने:** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी स्थानीय तत्काल उद्धार तथा राहत समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनुपर्नेछ ।

१२. **थप रकम निकासा माग गर्ने:** (१) स्थानीय तत्काल उद्धार तथा राहत समितिबाट पीडितको नाममा निकासा भएको रकम अपर्याप्त भएमा पीडितले सो को कारण खुलाई समितिसँग थप रकम माग गर्न सक्नेछ ।

**१३. कोषको लेखा र लेखा परीक्षणः** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१४. आवर्ति (रिभल्भीङ) कोषः** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१५. प्रतिवेदन पेश गर्नेः** (१) राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन गाउँ कार्यपालिकामा पठाउनु पर्नेछ ।

(२) स्थानीय तत्काल उद्धार तथा राहत समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक वर्षमा भए गरेका काम कारवाहीको प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) गाउँ कार्यपालिकाले उपदफा (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१६. बैठक भत्ताः** तत्काल उद्धार तथा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापतको भत्ता गाउँपालिका कार्य सञ्चालन निर्देशिकाले तोके बमोजिमको भत्ता बापत पाउनेछन् ।

**१७. निर्देशन दिन सक्नेः** (१) कार्यपालिकाले स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु स्थानीय तत्काल उद्धार तथा राहत समितिको कर्तव्य हुनेछ ।